Regional News Unit

Gangtok Nepali News 18:40hrs

---

## Residential Training

राष्ट्रिय पशुधन अभियान २०२५-२६-को एक भागका रूपमा उन्तीस दिसम्बरदेखि आयोजित दुई दिवसीय आवासीय एवं कौशल प्रशिक्षण कार्यक्रमको दोस्रो भागको आज समापन भयो। गेजिङको क्योङसास्थित जिल्ला भवनमा पशुपालनका विभिन्न अनुशासनअन्तर्गत आयोजित प्रशिक्षणको समापनमा गेजिङ जिल्लाका संयुक्त निदेशक डाक्टर फुर्बा लेप्चा मुख्य अतिथि हुनुहुन्थ्यो।

पशुपालन एवं पशु चिकित्सा सेवा विभागले आयोजना गरेको कार्यक्रममा प्रशिक्षणार्थीहरूलाई खुखुरा, सुँगुर, बाख्रा र गाई पालनबारे प्रशिक्षण दिँदै विभिन्न विभागीय योजनाहरूबारे अवगत गराइयो।

कार्यक्रमको एक भागका रूपमा प्रशिक्षणार्थीहरूलाई ग्यावाको सुँगुर र कुखुरा फार्ममा अध्ययन भ्रमणका निम्ति लगियो, जहाँबाट उनीहरूले व्यवहारिक प्रबन्धन तथा वैज्ञानिक पालनपोशण अभ्यासबारे जानकारी लिए।

--------------------------------------X--------------------------------------

## PM Mann Ki Baat

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, हालका विभिन्न घटनाक्रमहरूले भारतको नयाँ सोच, नवाचार र युवा शक्तिलाई दर्शाउँदछ। आकाशवाणीबाट मन की बात कार्यक्रममा श्री मोदीले भन्नुभयो, हैदराबादमा विश्वको सबैभन्दा ठूलो लीप इञ्जीन MRO सुविधाको उदघाटन होस वा INS माहेको भारतीय नौसेनामा शामेल भएको अथवा फेरी देशमा स्काइरूटको इनफिनिटी परिसरको शुरूवात, यी सबै यस कुराका प्रमाण हुन्। प्रधानमन्त्रीले भन्नुभयो, भारतले पैंतीस करोड सात लाख टन अन्नको उत्पादनसितै ऐतिहासिक कीर्तिमान स्थापित

गरेको छ, जुन कृषि क्षेत्रमा ठूलो उपलब्धि हो। श्री मोदीले भन्नुभयो, भारतको अन्न उत्पादन विगत दश वर्षमा दश करोड़ टन बढ़ेको छ।

प्रधानमन्त्रीले भन्नुभयो, राष्ट्रमण्डल खेलको आयोजना गर्ने अवसर प्राप्त हुनु भारतका लागि गौरवको कुरा हो। उहाँले भन्नुभयो, यो देश र देशवासीको उपलब्धी हो।

श्री मोदीले यो महिना भारतमा खेलकुदको क्षेत्रमा धेरै सफल रहेको उल्लेख गर्नुभयो, जस अवधि भारतीय महिला टोलीले ICC महिला विश्व कपमा जित दर्ता गऱ्यो। प्रधानमन्त्रीले खेलको अन्य विभिन्न क्षेत्रमा देशका खेलाड़ीहरूले हासिल गरेका उपलब्धीबारे पनि बताउनुभयो।

भारतीय नौसेनामा INS माहे शामेल गरिएकोमा प्रधानमन्त्रीले भन्नुभयो, जब भारतको सुरक्षा पारिस्थितिकी तन्त्र दह्रिलो हुन्छ, प्रत्येक भारतीयलाई गर्व हुँदछ। उहाँले INS माहेको स्वदेशी ढाँचाको व्यापक रूपमा चर्चा भइरहेको बताउँदै नौसेना द्रुत गतिमा आत्मनिर्भरताको दिशामा बढ़िरहेकोमा प्रसन्नता व्यक्त गर्नुभयो।

-------------------------------------X-------------------------------------

Sikkim Athletes

सिक्किमका पारा एथ्लेट्सहरूले तेस्रो उत्तरपूर्वी पारा ग्याम्स २०२५-मा नौंवटा पदक जितेका छन्। यो खेल सत्ताइसदेखि उन्तीस नोभेम्बरसम्म असमको गुवाहाटीमा भएको थियो। यस वर्षको खेलमा सुधार गर्दै सिक्किमको टोलीले गत वर्षको तुलनामा चारवटा अतिरिक्त पदक जितेको छ।

पदक विजेताहरूमा Table Tennis-मा वाङ्चुक भोटियाले स्वर्ण पदक, फुट्सोक टाशी भोटियाले रजत पदक र राजेन तामाङले काँश्य पदक जितेका छन्। यसैगरी, Athletics-मा, शेरबहादुर मगरलाई रजत र DB बस्नेतलाई काँश्य पदक अनि ब्याडमिन्टनमा पासाङ डोमा

लामालाई रजत र निमा दोर्जी तामाङलाई काँश्य पदक तथा चेसमा दया राईलाई काँश्य पदक प्राप्त भयो।

यसबाहेक सियोन लेप्चा र खड़ानन्द शर्मा आगामी राष्ट्रिय पारा च्याम्पियनशीपका निम्ति छनोट भएका छन्।

खेलकुद एवं युवा मामिला विभागले मुख्यमन्त्री प्रेमसिंह तामाङलाई पारा तथा भिन्न रूपले सक्षम खेलाड़ीहरूको उत्थानमा रहेको उहाँको दूरदर्शी नेतृत्व र प्रतिबद्धताका निम्ति आभार व्यक्त गरेको छ।

---------------------------------------X---------------------------------------

## Balachaturdashi Mela

विभिन्न कार्यक्रमका साथ लेग्शेपमा आयोजित बालाचतुर्दशी पूजा तथा मेलाको आज समापन भयो। सड़क एवं पुल मन्त्री नरबहादुर दाहालको मुख्य आतिथ्यमा सम्पन्न अन्तिम दिनको कार्यक्रममा प्रमुख संरक्षक एवं क्षेत्र विधायक लोकनाथ शर्मा तथा विधायकहरू रिक्सल दोर्जी भोटिया र सुदेशकुमार लिम्बूको विशेष उपस्थिति थियो।

मन्त्री श्री दाहालले बालाचतुर्दशी पर्वको विशेष महत्त्वबारे बोल्दै लेग्शेपस्थित किराँतेश्वर शिवालय धामलाई हिन्दू धर्मावलम्बीहरूको महत्त्वपूर्ण आस्थाको केन्द्र बताउनुभयो। राज्य सरकारका विकास र जनमुखी योजना र उपलब्धीको वर्णन गर्दै श्री दाहालले भन्नुभयो, राज्य विकासमा प्रत्येक नागरिकको समान दायित्व र भूमिकाको आवश्यकता हुँदछ।

यसअघि, विधायक श्री शर्माले कार्यक्रम आयोजनाको औचित्यबारे प्रकाश पार्दै यस क्षेत्रमा वर्तमान सरकारले अघि बढाएका विभिन्न विकास परियोजनाबारे जानकारी गराउनुभयो। अहिले साँझमा यहाँको किराँतेश्वर शिवालय धाममा सम्पन्न सन्ध्या कालीन गंगा आरतीमा मुख्य अतिथि र विशिष्ट अतिथिको विशेष उपस्थिति रह्यो।

---------------------------------------X---------------------------------------

## Floor Leaders' Meeting

भोलीदेखि शुरू हुने संसदको शीतकालीन सत्र अघि आज नयाँ दिल्लीतमा सर्वदलीय बैठक बस्यो। सरकारले डाकेको बैठकको अध्यक्षता केन्द्रिय रक्षा मन्त्री राजनाथ सिंहले गर्नुभयो। राज्यसभामा सदनका नेता JP नड्डा, केन्द्रिय संसदीय कार्य मन्त्री किरेन रिजिजू तथा

अन्यको उपस्थितिबीच सिक्किमबाट लोकसभा सांसद डाक्टर इन्द्रहाङ सुब्बाले विशेषगरी हिमालयी क्षेत्रमा जलवायु परिवर्तनको भयानक प्रभावमाथि चिन्ता व्यक्त गर्नुभयो। उहाँले यस मुद्दामाथि संसद सत्रमा व्यापक र समर्पित चर्चाको आवश्यकतामाथि जोड़ दिनुभयो। हिमालयमा अचानक आउने बाढी र यससित सम्बन्धित प्रकोपको बढ्दो प्रभावबारे कुरा गर्दै उहाँले जोखिममा परेका समुदायहरूको जीवन र जीविकोपार्जनको रक्षा गर्न ठोस र क्षेत्र आधारित जलवायु नीतिहरूको आवश्यकतामा जोड दिनुभयो।

-------------------------------------X-------------------------------------